# National News
# ALL INDIA RADIO GANGTOK

**BROADCAST: 19:25 hrs** **Date: 27.02.2025**

***प्रथममा यस बुलेटीनका मुख्य समाचार :-***

***प्रधानमन्त्री नरेन्द्र मोदीले महाकुम्भलाई एकताको महापक्ष बनाउनुहुँदै भारतलाई आफ्नो विरासतमाथि गर्व रहेको भन्नुभएकोछ । परराष्ट्र मन्त्री एस जयशंखरले यूरोपेली आयोगको अध्यक्ष Ursula Van Der Leyer सित भेट गर्नुभएको छ । रक्षामन्त्री राजनाथ सिंहले हिन्दी भाषालाई अपनाउने र यसको उपयोगलाई बढ़ाउने खाँचोमा जोढ़ दिनुभएको छ । दिल्ली विधानसभाको लोग लेखा समितिले पहिल्लो आम आदमी पार्टी सरकारद्वारा बनाइएको शराब नीति संवन्धी सदनमा प्रत्यक्ष गरिएको CAG रिपोर्ट को जांच गर्नेछ ।***

***प्रधानमन्त्री- महाकुम्भ***

महाकुम्भलाई एकताको महायज्ञ बताउनुहुँदै प्रधानमन्त्री नरेन्द्र मोदीले, भारतलाई आफ्नो विरासत माथि गर्व रहेको र नया ऊर्जाका साथ उ अघाढ़ी बढ़ि रहेको, भन्नुभएको छ । प्रधानमन्त्रीले प्रयागराज महाकुंभको नेतृत्वताको प्रशन्सा गर्दै यो आधुनिक प्रवन्धन योजना तथा नीति विशेष्ज्ञहरूका लागि अध्ययनको विषय हो, भन्नुभयो । विश्वमा कुनैपनि ठाउँमा यति ठूलो स्तरमा यस्तो आयोजन भएको छैन उहांले भन्नुभयो । श्री मोदीले एउटा ब्लोग मा आफ्ना विचारहरू साझा गर्नुभयो ।

***नागर विमान्न मंत्री-***

केन्द्रीय नागर विमानन मन्त्री kinjarapu राम मोहन नायडूले आज चेन्नैई अन्तर्रास्ट्रीय हवाई अड्डामा उड़ान यात्री कैफेको उद्घाटन गर्नुभयो । सम्वाददाताहरूसित कुराकानी गर्दै श्री नायडूले, यस किश्रीमका कैफेहरू, देशका सबै हवाई अड्डाहरूमा बनाईनेछन् भन्नुभयो। उहाँले भन्नुभयो, यी कैफेहरूबाट सबै यात्रीहरूलाई पानी, चिया, कँफी, सन्नेक्स र स्थानीय मिठाईहरू उचित मूल्यमा प्राप्त हुनेछ । गए दिसम्बरमा कोलकाता हवाई अड्डामा यस किसीमको पहिलो कैज को उद्घाटन भएको, उहाँले बताउनुभयो । श्री नायडूले भन्नुभयो, हवाई यात्रालाई सुगम बनाउन भनि सरकारले देशका सबै क्षेत्रहरूमा यात्रीहरूका लागि उड़ान योजनालाई विस्तार दिनवारे विचार गरी रहेकोछ ।

***प्राणी मित्र-जीव दया पुरस्कार***

मत्सायपालन, पशुपालन र डेयरी राज्य मन्त्री एस पी सिंह बघेल तथा जार्ज कुरियनले आज नयाँ दिल्लीको विज्ञान भवनमा प्राणी मित्र र जीव दया पुरस्कार, विजेताहरूलाई प्रदान गर्नुभयो । प्राणी मित्र पुरस्कार पाँच उपश्रेणीहरूमा प्रदान गरियो जसमा वकालत, अभिवव विचार, आजीवन पशु सेवा शामेल छन् । यस पहलको उद्देश्य पशु कल्याण र संरक्षणमा उल्लेखनीय योगदानका लागि, उत्कृष्ट ब्यक्तिहरू र संगठनहरूलाई मान्यता दिनुहो । मीडियासितको कुराकानीमा श्री बघेलले, यी पुरस्कारहरूले नागरिकहरूमा जागरूकता बढ़ाउन्छ, भन्नुभयो ।

***राजनाथ हिन्दी***

रक्षा मन्त्री राजनाथ सिंहले हिन्दी भाषालाई अपनाउने र यसको उद्योगलाई बढाउने आवश्यक्ता माथि जोढ़ दिनुभएकोछ । उहाँले यो भाषालाई, भारतको सामाजिक र सांस्कृतिक ताना बानालाई बांध्ने धागो भनि बताउनुभयो । रक्षा मन्त्रीले आज नयाँ दिल्लीमा रक्षा मन्त्रालयको दीवार्षिक हिन्दी पत्रिका सशक्त भारत को पहिलो संस्करणको विभोचन गर्नुभयो । श्री सिंहले हिन्दीलाई बढ़ावा दिनुमा रक्षा मंत्रालयको राजभाषामा विभागका प्रयासहरूको प्रशन्सा गर्नुभयो । पत्रिकामा सशक्त बल कर्मीहरूको वीरता, देशभक्ति साथै, सरकारका नीतिहरूबारे मंत्रालय कर्मीहरूद्वारा लेखेका लेखहरू शामेल छन् ।

***वैष्णव प्रयागराज***

रेल मन्त्री अश्विनी वैष्णवले प्रयागराजमा माराकुम्भको बेला, 16 हजार भन्दा बढि रेलगाड़ीहरू संचालित भएको भन्नुभयो। प्रयागराज जंक्शनमा संवाददाताहरूलाई संबोधित गर्दै श्री वैष्णवले, प्रयागराजबाट लगभग 4 करोड़ 50 लाख यात्रीहरूले रेलगाड़ीहरूबाट यात्रा गरेको भन्नुभयो। महाकुम्भको सफल आयोजन जि आर पि पुलिस आर पि एफ तथा रेलवे लगायत, विभिन्न निकायहरूका संयुक्त प्रयासहरूले गर्दा संभव भएको उहाँले भन्नुभयो। यस वर्षको महाकुम्भ, भारतको आस्था र एकताको परिचायक रहेको मन्त्री वैष्णवले भन्नुभयो।

***ट्रम्प गोल्ड कार्ड***

अमेरीकाका रास्ट्रपति डोनेल्ड ट्रम्प ले विशेषगरि भारतबाट शीर्ष अंतर्रास्ट्रिय प्रतिभा आकर्शित गर्ने लक्ष्य लिएर, नयाँ गोल्ड कार्ड पहल शुरू गर्नुभएको छ। यसले गर्दा हार्वड र स्टेनफर्ड विश्विद्यालयहरूका स्नातकहरू लहायत विदेशी नागरिकहरूका लागि पचास लाख डंलर शुल्कको बदलामा अमेरीकामा बसोबास गर्ने अनि काम गर्ने अनुमति प्राप्त हुनेछ। गोल्ड कार्ड बिक्री लगभग दुई सातामा शुरू हुने सम्भावनाछ।

***महारास्ट्र पीयूष गोयल***

केन्द्रिय वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयलले आज मुंबईमा भारत कलिङ सम्मेलन 2025 को उद्घाटन गर्नुभयो। सम्मेलनलाई संबोधन गर्दै श्री गोयलले, मेक इन इंडिया, डिजीटल भारत लगायत सरकारका रणनीतिक पहलहरूले नवाचार र पूर्विधारलाई बढावा दिइरहेमा छन् , भन्नुभयो आधुनिक विनिर्माण तकनीकिहरूलाई अपनाउने हामीलाई आवश्यक्ताहरू, उहाँले भन्नुभयो।

***शाह एम पी***

केन्द्रिय गृहमन्त्री अमित शाहले सामाजिक सुधारक नानाजी देशमुखको योगदानको प्रशन्सा गर्दै केही मानिसहरूले स्थायी असर छोड़ेको अनि युग- परिवर्तनको कारण बनेको भन्नुभएको छ। श्री शाहले नानाजी देशमुखको 15 औं पूण्यनिधिमा उहाँलाई श्रद्धान्जलि अर्पण गर्न आयोजित एक समारोहलाई सम्वोधन गर्दै हुनुहुन्थ्यो। कला, राजनीति, उद्योग, तथा सेवा क्षेत्रमा देशमुखको योगदानलाई स्मरण गर्दै श्री शाहले यी सबै क्षेत्रहरूमा उहाँले अमिट छाप छोड़ेको भन्नुभयो।

---

***ई यू अध्यक्ष भारत***

परराष्ट्र मन्त्री सुब्रमण्यम जयशंकरले आज यूरोपेली आयोगकी अध्यक्ष Ursala Van Der Leyer सित भेट गर्नुभयो। डाँकटर जयशंकरले शोशल मिडिया पोस्ट मा, Europe का साथ भारतका संवधहरूलाई पुन सक्रिय पार्ने विचारहरूको उहाँले प्रशन्सा राईहुन्छ, भन्नुभयो। प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि यूरोपेली आयोग की अध्यक्षका साथ प्रतिनिधिमंडल स्तरको वार्ता गर्नुहुनेछ।
यस यात्राले दिपक्षीय संवन्धहरू अरू प्रयाग हुनेछन्।

---

***गुजरात नवनीत सहगल***

प्रसारभारतीका अध्यक्ष नवनीत कुमार सहगलले युवाहरूलाई शामेल गर्ने र विशेषरगरि, शहरीक्षेत्रहरूमा रेडियोको पहुँचको विस्तार गर्ने महत्व माथि जोड़ दिनुभएको छ। गुजरातको एक दिने भ्रमणमा जानुभएका श्री सहगल आज आकाशवाणी अहमदाबाद जानुभयो।
श्री सहगलले त्यहाँमा स्टुडियोहरू समाचार अनि कार्यक्रम एकांशहरूमा संचालनको समीक्षा गर्नुभयो। श्री सहगलले एफ एम नेटवर्कको विचार गर्दै तथा डिजीटल परचिहरूलाई बढुवा दिँदै आफ्नो उपस्थिति बढ़ाउने प्रसार भारतीको प्रयासहरूलाई उजागर पार्नुभयो।

***अन्त्यमा प्रमुख समाचार पुन एक पल्ट***

***प्रधानमन्त्री नरेन्द्र मोदीले महाकुम्भलाई एकताको महापक्ष बनाउनुहुँदै भारतलाई आफ्नो विरासतमाथि गर्व रहेको भन्नुभएकोछ। परराष्ट्र मन्त्री एस जयशंखरले यूरोपेली आयोगको अध्यक्ष Ursula Van Der Leyer सित भेट गर्नुभएको छ। रक्षामन्त्री राजनाथ सिंहले हिन्दी भाषालाई अपनाउने र यसको उपयोगलाई बढ़ाउने खाँचोमा जोढ़ दिनुभएको छ। दिल्ली विधानसभाको लोग लेखा समितिले पहिल्लो आम आदमी पार्टी सरकारद्वारा बनाइएको शराब नीति संवन्धी सदनमा प्रत्यक्ष गरिएको CAG रिपोर्ट को जांच गर्नेछ।***